निर्णयहरुः

१. सुनसरी-मोरङ्ग सिंचाई आयोजना अन्तर्गत लोहन्द्रा खोला साइफन तथा पुल निर्माण सम्बन्धि बहुवर्षिय ठेक्का सम्बन्धमा मिति २०७६/०३/३० को माननीय सदस्य स्तरीय निर्णयअनुसार अर्थ मन्त्रालयबाट श्रोत सुनिशिच्तता हुने गरी सहमति प्रदान गर्ने निर्णय अनुमोदन गर्ने ।

२. आयोजनाको बहुवर्षिय ठेक्का सम्बन्धी मापदण्ड, २०७६ बमोजिम आगामी दिनमा सहमति प्रदान गर्दा मापदण्ड अनुकूलका विषयहरुका सम्बन्धमा सम्बन्धित विषयक्षेत्र हेर्नुहुने माननीय सदस्यहरुबाटै स्वीकृत गर्ने। मापदण्डको परिपालना नभएका आयोजनाहरुको हकमा आयोगमा पेश गर्ने । माननीय सदस्यबाट स्वीकृत आयोजनाको जानकारी माननीय उपाध्यक्षलाई गराउने ।

३. बौद्धिक सम्पत्ति सम्बन्धि प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७६ उपर आयोगको राय सुझाव उद्योग वाणियज्य तथा आपूर्ति मन्त्रालयमा पठाउने सम्वन्धमा सम्बन्धित विषयक्षेत्र हेर्नुहुने माननीय सदस्यज्यूले राष्ट्रिय योजना आयोगका माननीय उपाध्येक्ष, अन्य माननीय सदस्यज्यूहरु र उद्योग वाणियज्य तथा आपूर्ति मन्त्रालय तथा अन्य सरोकारवाला निकायहरुसँग राय परामर्श लिई आवश्यक कारवाही अगाडी बढाउने।